ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मुख नमुना गाउँपालिका

# भिमसेनथापा गाउँपालिकाको बाह्रौं गाउँसभामा उपाध्यक्ष श्री अमृतादेवी वस्ती (भट्ट)ज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०।०८१ वजेट वक्तव्य

भिमसेनथापा गाउँपालिका

जिल्ला गोरखा, गण्डकी प्रदेश नेपाल ।

गाउँ टोल र घर घरमा स्थानिय सरकार

गाउँ सभाका सभाध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,
गाउँसभाका सचिवज्यू,
कर्मचारी मित्रहरु,
पत्रकार साथीहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. भिमसेथापा गाउँपालिकाको पालिका उपाध्यक्षको हैसियतले यस सम्मानित बाह्रौं गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. गाउँसभाको महत्वपूर्ण अवसरमा राजनीतिक परिवर्तनको लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली एवं वेपत्ता र घाइतेहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । यसै गरी राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि सङ्घर्ष गर्नु हुने महान् नेपाली नागरिक र त्यसको सबल एवम् सक्षम नेतृत्व गर्नु हुने नेपाली राजनीतिका प्रमुख व्यक्तिहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

३. लामो समय पछि नेपाली जनताको चाहना अनुरुप सङ्घीय स्वरुपको समावेशी, जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । सङ्घीय शासन व्यवस्थाको कार्यान्वयनको चरणमा यस गाउँपालिकालाई प्राप्त स्रोत र साधनको सदुपयोग गरी विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

४. नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्तहरु, संघीय र प्रदेश सरकारका आवधिक योजना, नीति तथा कार्यक्रम, गाउँपालिकाको प्रचलित कानूनहरु, सम्मानित गाउँसभाबाट पारित गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु । यसका साथै विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावहरुलाई समेत बजेट निर्माणमा ध्यान दिएको छु ।

५. चालू आर्थिक वर्षको यस गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट भौतिक तथा निर्माण मार्फत आर्थिक तथा सामाजिक विकास गरी घरदैलोमा विकासका लाभहरु पुन्याई नागरिकको जीवनस्तरमा त्यसको प्रतिफल देखिन थालेको महशुस गरेको छु।

६. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण कार्यमा तीव्रता आएको छ । स्थानीय तहको विकासमा गैरसरकारी संस्था, निजी तथा सहकारी क्षेत्रको उपस्थिति बलियो हुदैछ। समग्रमा गाउँपालिकाबासीले अनुभूति गर्ने ढंगबाट जनसहभागितामूलक विकास पद्धतिको विकास भएको छ ।

७. वजेट तर्जुमा गर्दा मैले संघ र प्रदेश सरकारवाट यस गाउँपालिकाको लागि विनियोजन भएका बजेट तथा कार्यक्रमहरुसंग दोहोरो नपर्ने गरी समन्वयात्मक ढंगले सबै वर्ग, क्षेत्र, लिंग र समुदायलाई समेट्ने गरी उपलब्ध स्रोत र साधनको उपयोग गर्न ध्यान दिएको छु। साथै गाउँपालिकाको अधिकारक्षेत्र, सार्वजनिक सेवा प्रवाहमा पालिकाको भूमिका र सञ्चालित विकास आयोजनाको कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै चालू आर्थिक वर्षका कार्यक्रमलाई आवश्यकता अनुरुप परिमार्जन, संशोधन र निरन्तरता दिदै बजेट विनियोजन गरेको छु ।

८. वित्तीय संघीयता अनुरुप स्थानीय तहले प्राप्त गर्ने अनुदान र राजस्वलाई प्राथमिकीकरण गरी पूर्वाधार विकास, सामाजिक तथा आर्थिक क्षेत्रको विकास, वन वातावरण तथा विपद् व्यवस्थापन, उद्यमशीलता प्रवर्द्धन हुने क्षेत्रमा लगानी केन्द्रित गरेको छु । यसबाट उत्पादन तथा उत्पादकत्व वृद्धि, पर्यटन प्रवर्द्धन, रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि भई गरिबी न्यूनीकरण गर्दै पालिकाको समृद्धि हासिल हुने दिशातर्फ बजेट केन्द्रित गरेको छु ।

९. भिमसेनथापा गाउँपालिकाको सेवा प्रवाहमा सुशासन, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा दिगो विकासका दीर्घकालीन दृष्टिकोण अनुरुप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अघि बढिरहेको छ। सबै पालिकावासीलाई गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता, आधारभूत स्वास्थ्यमा पहुँच घरघरमा स्वच्छ खानेपानी, सुरक्षित आवास, सामाजिक न्याय, मर्यादित काम, न्यूनतम खाद्य सुरक्षा जस्ता आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्नु नै यो बजेटको उद्देश्य रहेको छ ।

१०. पालिकाको आर्थिक विकासको स्तर र विकासका लागि कानून तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, योजनाको प्राथमिकीकरण र कार्यान्वन, सार्वजनिक निर्माणमा गुणस्तरीयता र सुशासन प्रवर्द्धन, सीपयुक्त दक्ष जनशक्तिको अभाव हाम्रा प्रमुख चुनौतीहरु हुन् ।

११. न्यून आर्थिक स्रोत, जनशक्तिको अभाव, पर्याप्त कानूनी व्यवस्थाको अभाव, खण्डीकृत र क्षेत्रगत तथ्यांकहरुको अभाव, ठेकेदारले समयमा काम नगर्नु, कम लागतका धेरै योजनाहरु रहनु जस्ता प्रतिकूलताका बाबजुद पनि समग्रमा चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ । अधिकांश आयोजनाहरु सम्पन्न हुने दिशातर्फ उन्मुख छन् ।

**सभाअध्यक्ष ज्यू,**

१२. भिमसेनथापा गाँउपालिकाको जिम्मेवारी र खर्चको आवश्यकताको तुलनामा गाँउपालिकाभित्र न्यून आन्तरिक आय संकलन हुने, संघ तथा प्रदेशबाट विनियोजित बजेटको सिमा भित्र रहेर कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने, संस्थागत हुने क्रममा रहेको संरचनागत तथा कार्यप्रक्रियागत सीमितता र निर्वाचित जनप्रतिनिधिहरु उपर आम जनताको उच्च अपेक्षाका बीच चालु आर्थिक वर्षमा संचालित कार्यक्रमहरुको हालसम्मको प्रगति उपलब्धिमूलक र उत्साहप्रद देखिएको छ ।

१३. अध्यक्ष महोदय, अब म चालु आर्थिक वर्ष २०७९।०८० को हालसम्मको आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१४. चालु आ.ब. का लागि संघीय सरकारबाट समानिकरण अनुदान तर्फ रु १४ करोड ४५ लाख अनुमान गरिएकोमा हालसम्म रु १२ करोड ६४ लाख ३७ हजार ५ सय, शसर्त अनुदान तर्फ २५ करोड ७८ लाख ८१ हजार अनुमान गरिएकोकोमा सत प्रतिशत प्राप्त भएको, राजश्व बाँडफाँड तर्फ रु ८ करोड ४४ लाख ६८ हजार अनुमान गरिएकोमा रु ५ करोड ४२ लाख २३ हजार ९ सय ४ रुपैयाँ, प्रदेश तर्फ समानिकरण अनुदान रु १ करोड ६६ लाख ५७ हजार मध्ये १ करोड ५५ लाख ३७ हजार ३ सय ७५ रुपैयाँ, समपुरक र विशेषमा रु ५०/५० लाख विनियोजन गरिएकोमा २५/२५ लाख, राजश्व बाँडफाँड तर्फ ५२ लाख ६३ हजार मध्ये ४९ लाख ६२ हजार ५ सय ९५ रुपैयाँ र आन्तरिक स्रोत रु ४५ लाख अनुमान गरिएकोमा ३४ लाख २५ हजार ८ सय ३४ रुपैयाँ आम्दानी भएको छ ।

**सभाअध्यक्ष महोदय,**

१५. यस गाँउपालिकाको नीति तथा कार्यक्रम बमोजिम उपलब्ध श्रोतलाई अधिकतम परिचालन गरी गाउँ टोल घरघरमा स्थानीय सरकारको अनुभूति प्रत्याभूति गराउँदै भिमसेनथापा गाँउपालिकालाई ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध समाजवाद उन्मुख नमूना गाउँपालिकको रुपमा विकास गर्न आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको उद्देश्यहरु तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**१६. अब म आगामी आ.व.२०८०/०८१ को बजेटको उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन्**

- नागरिकको मौलिक हक र अधिकारको रुपमा रहेको आधारभूत आवश्यकताहरु यथाशीघ्र परिपूर्ति गर्दै गरिबी, विपन्नता र पछौटेपनको अन्य गर्ने,
- उपलब्ध श्रोत, साधन, अवसर र क्षमताको उच्चतम परिचालन गरी आर्थिक विकास गर्ने,
- आर्थिक, भौतिक, सामाजिक तथा पूर्वाधार क्षेत्रको विकासमा समन्यायिक र सन्तुलित लगानी गर्ने,
- शिक्षा, स्वास्थ्य, कृषि क्षेत्रको विकासबाट समुन्नत गाउँपालिकाको निर्माण गर्ने,
- संस्थागत क्षमता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्ने ।

**१७. आर्थिक वर्ष २०८०/०८१ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छु । समृद्ध पालिका निर्माण गर्नका लागि मैले देहाय अनुसार नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेको छु ।**

- स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षाको प्रत्याभूति,
- कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण,
- भौतिक पूर्वाधार संरचनाको विकास, निर्माण, संरक्षण तथा सम्भार,
- मानव संशाधनको विकास, विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत नागरिकहरुलाई अनुभूति हुने सुशासन प्रर्वद्धन,
- स्रोत साधन, अवसर र जनशक्तिको उच्चतम प्रयोग गर्न सहकारी, गैर सरकारी क्षेत्र र निजी क्षेत्र बीच सहकार्य ।

१८. प्रस्तुत बजेटको उद्देश्यहरु हासिल गर्न तथा प्राथमिकता कार्यान्वयन गर्न संघीय र प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ । उपलब्ध पूँजी, प्रविधि, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न गैरसरकारी संस्था, सहकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

१९. नेपाल सरकारबाट प्राप्त सर्शत अनुदान वापतको चालु तर्फको २५ करोड ७ लाख र पूँजीगत तर्फको १ करोड १० लाख गरी कुल रकम रु. २६ करोड १७ लाख सोही शीर्षकमा आएका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु।

**सभाअध्यक्षज्यू,**
**गाउँसभाका सदस्यहरुज्यूहरु,**

२०.अब म यस गाउँपालिकाको वडागत प्रक्षेपित योजना तथा कार्यक्रमको विवरण प्रस्तुत गर्न चाहन्छु । गाउँपालिकाका वडाहरुको विकासका लागि गाउँपालिका वडाहरु, वडा नं २, ३, ५, ७ र ८ मा वडास्तरीय आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासनका क्षेत्रको विकासका लागि प्रति वडा रु. ३५ लाख र वडा नं. १, ४ र ६ को लागि रु. ४५ लाख रुपैया गरी कुल जम्मा ३ करोड १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु। जसबाट सो वडाहरुको समग्र विकासकमा टेवा पुग्ने अपेक्षा गरेको छु।

यसैगरी पूर्वाधार विकासका लागि रु ६ करोड ३० लाख, आर्थिक विकासका लागि रु. १ करोड, सामाजिक विकासका लागि रु. ४ करोड, वन, वातावरण तथा विपद व्यवस्थापन तथा संस्थागत विकास तथा सुशासन तर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाअध्यक्ष ज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस आर्थिक वर्ष २०८०।०८१ को पालिका स्तरिय योजना तथा कार्यक्रमहरुमा विनियोजन गरेको क्षेत्रगत बजेट प्रस्तुत गर्न चाहन्छु।

२१. **आर्थिक विकास तर्फः**

- एक वडा एक कष्टम हाइरिङ्ग सेन्टर (Custom Hiring Center) स्थापना गर्नका लागी रु. १० लाख विनियोजन गरेको छु।
- पालिकास्तरीय नर्सरी स्थापना गरी बिरुवामा पालिकालाई आत्मनिर्भर बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- वडाको आवश्यकता तथा सम्भावना अनुसार कृषकहरुलाई विभिन्न तालिमहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- कृषकहरुलाई जैविक मल तर्फ उन्मुख गराई पालिका भित्रै मल उत्पादन गर्न जैविक मल प्रवर्द्धन कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकालाई महमा आत्मनिर्भर बनाउन मौरी प्रवर्द्धन कार्यक्रम संचालनको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।
- मकैबाली प्रवर्द्धन कार्यक्रम संचालनको लागि ९ लाख ७५ हजार विनियोजन गरेको छु ।
- प्राविधिक जनशक्ति मार्फत कृषकहरुलाई सेवा उपलब्ध गराउन कृषि तर्फ कृषि स्नातक करार र पशु सेवा तर्फ एक पालिका एक भेटेरिनरी डाक्टर कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- कृषकहरुलाई विभिन्न प्रकारको घाँस उपलब्ध गराउन हरियो घाँस विस्तार कार्यक्रमका लागि ८ लाख १३ हजार विनियोजन गरेको छु ।
- उन्नत प्रजातिको पशुपालनका लागि कृत्रिम गर्भाधान मिसन कार्यक्रमका लागि १ लाख ५० हजार विनियोजन गरेको छु ।
- पशुमा देखिएको लम्पी स्किन रोग लगायत अन्य महामारीजन्य रोगहरु नियन्त्रणका लागि रु १ लाख विनियोजन गरेको छु ।
- कृषकहरुलाई नियमित रुपमा टोल टोल घरघरमा पुगी प्राविधिक सेवा प्रदान गर्न पशु स्वास्थ्य घुम्ती शिविर कार्यक्रम संचालनको लागि रु १० लाख विनियोजन गरेको छु । साथै कृषकहरुलाई पशुपन्छीमा लागेको रोग निदानका लागि आवश्यक औषधी निःशुल्क रुपमा वितरण गर्न आवश्यक बजेटको प्रवन्ध गरेको छु।

- हाल पालिका भित्र छाडा कुकुरहरुको उचित व्यवस्थापन गर्न छाडा कुकुर बन्धाकरण तथा रेविज विरुद्धको खोपको लागि बजेट व्यवस्था गरेको छु ।
- पशु सेवा शाखाको हालको ल्यावलाई थप स्तरोन्नती गर्न रु ५ लाख विनियोजन गरेको छु ।
- आकस्मिक वाली संरक्षण तथा वाली शिविर कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा कृषकहरुको पशु तथा बाली विमाका कार्यक्रम संचालन गरिने छ । सोको लागि विमा अभिमुखिकरण कार्यक्रम गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सहकारी तथा अन्य संघसंस्थाहरुको क्षमता विकासका लागि विभिन्न तालिमहरु संचालन गर्न रु ३ लाख रकम विनियोजन गरेको छु ।
- स्थानिय कच्चा पदार्थमा आधारित भई उद्योगको स्थापना गर्नेलाई थप प्रोत्साहन दिने गरी एक वडा एक उद्योग कार्यक्रमलाई निरन्तरता दिएको छु । यसका लागि रु ४५ लाख रकम विनियोजन गरेको छु ।
- गाउँपालिकाको आवश्यकता र बजारको सम्भावना समेतलाई ध्यान दिई पालिका स्तरीय उद्योग स्थापना र संचालनका लागि रु. ३५ लाख विनियोजन गरेको छु।
- भिमसेनथापा गाउँपालिकाका वडाहरुमा उद्यमशिलता तथा सिप विकासको माध्यमबाट महिला तथा युवाहरुको आर्थिक सशक्तिकरणको कार्यक्रमलाई निरन्तरता दिएको छु।
- हाट बजार मार्फत उत्पादित वस्तुहरुको वजारीकरण र व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**

**२२.सामाजिक विकास तर्फः-**

- विद्यालय नक्साङ्कन,दरबन्दी मिलान तथा प्र,अ. व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- विद्यालय लेखा कर्मचारी तथा विद्यालय सहयोगीका लागि प्रतिव्यक्ति चालु आ.ब. मा उपलब्ध गराइएको थप अनुदानलाई निरन्तरता दिएको छु ।
- बालविकास सहयोगी कार्यकर्ता ४६ जनाका लागि आगामी आ.ब. मा रु १ हजार थप गरी मासिक रु ८ हजार दरले संघीय सरकारको समेत गरी कुल रु १८ हजार मासिक पारिश्रमिक उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- बालकक्षा देखि ६ कक्षासम्म विद्यार्थी दिवा खाजामा दिइएको प्रति विद्यार्थी रु ५ थप अनुदानलाई निरन्तरता दिएको छु ।
- अध्यक्षसँग प्रत्यक्ष विद्यार्थी संवाद कार्यक्रम तथा उपाध्यक्षसँग किशोरकिशोरी शिक्षा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- विद्यार्थीहरुको अतिरिक्त क्रियाकलाप मार्फत क्षमता विकास गर्न अतिरिक्त क्रियाकलाप शिर्षकमा रु ४ लाख विनियोजन गरेको छु ।
- जिल्ला सहभागिता समेत गरी स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड (सहिद स्मृति भिमसेनथापा रनिङ शिल्ड) प्रतियोगिता संचालनका लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।
- विद्यालयहरुमा पढ्दै कमाउदै तथा Friday for Future कार्यक्रम पालिका र प्रदेश सरकारबीचको साझेदारीमा संचालन गर्ने गरी आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

- निःशुल्क रुपमा विद्यालयको आन्तरिक परिक्षा संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- शिक्षकहरुलाई प्रोत्साहन गर्न एक शिक्षक एक झोला कार्यक्रमका लागि रु ७ लाख ५० हजार विनियोजन गरेको छु ।
- सामुदायिक सिकाई केन्द्र मार्फत जनचेतना अभिवृद्धिका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- रातो बंगला फाउन्डेसन र रुम टु रिड जस्ता गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा शैक्षिक गुणस्तर सुधारको कार्यक्रमहरु संचालन गर्न रु १८ लाख बजेट विनियोजन गरेको छु ।
- विद्यालय स्काउट कार्यक्रमका लागि रु ३ लाख विनियोजन गरेको छु ।
- गापा स्तरीय उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदानका लागि १ लाख बजेट विनियोजन गरेको छु ।
- प्राविधिक शिक्षा प्रवर्द्धन गर्न ६ लाख बजेट विनियोजन गरेको छु ।
- विन्द्रावती मा.वि. मा सीप विकास केन्द्र स्थापनाका लागि रु ३ लाख रकम विनियोजन गरेको छु ।
- विद्यार्थीहरुलाई छात्रवृत्ति वितरणका लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।
- चालु आर्थिक वर्षमा १२ वटा माध्यामिक विद्यालयहरुमा विनियोजन गरिएको भेन्डिङ मेसिन तथा डिस्ट्रोयर मेसिन अनुकुल हुने खालको स्यानिटरी प्याड विद्यालयका छात्राहरुलाई निःशुल्क रुपमा वितरणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

❖ **स्वास्थ्य**

- गा पा अध्यक्ष जेष्ठ तथा अशक्त नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रमका लागि ११ लाख विनियोजन गरेको छु ।
- आमाघर कार्यक्रम अन्तर्गत गर्भवती सुत्केरी प्रतिक्षा घर व्यवस्थापनका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।
- धावा स्वास्थ्य चौकी मर्मत सुधार तथा अन्य स्वास्थ्य संस्थाहरुको मर्मत सुधारका लागि बजेटको व्यवस्था गरेको छु ।
- विपन्न तथा असहाय जेष्ठ नागरिक र गर्भवती निशुल्क एम्बुलेन्स सेवाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गर्भवती महिलाहरुको गाउँ घरमै पुगी अल्ट्रासाउण्ड गर्न ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमका लागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।
- सडक सुविधा नपुगेका स्थानहरुबाट स्वास्थ्य संस्थासम्म बिरामी ओसारपोसारको लागि स्ट्रेचरको व्यवस्था गर्न रु १ लाख बजेट विनियोजन गरेको छु ।
- स्वास्थ्य संस्था खोप तथा गाउँघर क्लिनिक र प्रसुति केन्द्रमा औजार उपकरण फर्निचर व्यवस्थापनका लागि आवश्यक प्रबन्ध मिलाएको छु ।
- निशुल्क तथा जेष्ठ नागरिक स्वास्थ्य सेवाका लागि औषधि तथा सामग्रि खरिद गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गर्भबती महिलाहरुको लागि निशुल्क प्रयोगशाला सेवा शोधभर्ना वापत आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- हाम्रा बालबालिकाहरुलाई कुपोषणबाट बचाउन बृद्धि अनुगमन प्रबर्धन कार्यक्रम संचालनका लागि रु ४ लाख बजेटको व्यवस्था गरेको छु ।
- गा.पा उपाध्यक्ष गर्भवती तथा सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिदै रु ५ लाख बजेटको व्यवस्था गरेको छु ।
- स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरी स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन DHIS २ RUSG ELMIS SBA लगायत अन्य विशेष तालिम सन्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छू ।

- स्वास्थ्य क्षेत्रको सुधारका लागि घरघरसम्म पुगेर सेवा प्रदान गर्न अहोरात्र खटिने महिला स्वास्थ्य स्वंयसेविकाहरुका लागि प्रोत्साहन भत्ता, संचार सुविधा, चाडाबाड खर्च, स्वास्थ्य विमा कार्यक्रम, सम्मानजनक विदाइ तथा मासिक बैठकको व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन पुराना प्रयोगशाला मर्मत सुधार तथा थप १ नयाँ प्रयोगशाला सन्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सुरक्षित गाउँपालिका निर्माण गर्ने नीतिलाई कार्यान्वयन गर्न आफ्नो बिमा प्रिमियम बुझाउन नसक्ने बिपन्न तथा असहाय नागरिकको प्रिमियम शुल्क भुक्तानीका लागि रु ५ लाख बजेटको व्यवस्था गरेको छु ।
- स्वास्थ्य सेवा सुधारका लागि पालिका स्तरीय पैरवि कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरेको छु ।
- अस्पताल सेवा सन्चालनका लागि चिकित्सक लगायत स्वास्थ्यकर्मी व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- नसर्ने रोगको स्क्रिनिङ शिविर तथा मोतियाविन्दुको शल्यक्रिया शिविर र दन्त शिविर संचालन गरी टोलटोलमा स्वास्थ्य सेवा पुर्याउन ५ लाख बजेटको व्यवस्था गरेको छु ।
- शहिद स्मृती आधारभूत अस्पतालको सेवालाई चौविस घण्टा नै सुचारु राख्न रात्रिकालिन सेवा संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- आधारभूत अस्पतालको सेवालाई थप गर्न एक्सरे मेसिन खरिदका लागि बजेटको व्यवस्था गरेको छु ।
- बैकल्पिक चिकित्साको माध्यमबाट स्वस्थ नागरिक निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- चिकित्सक मार्फत हरेक वडामा मासिक रुपमा स्याटेलाइट क्लिनिक संचालन गर्न रु ३ लाख बजेटको प्रवन्ध गरेको छु ।
- गाउँपालिकाको आफ्नै आँखा सेवा केन्द्र स्थापनाका लागि रु ५ लाख बजेटको व्यवस्था गरेको छु ।
- पारिवारिक स्वास्थ्य प्रोफाइलको अध्यावधिक कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पालिका भित्र रहेका एच आइ भि संक्रमितहरुको लागि यातायात खर्च सहयोगका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पोषण संवेदनशिल खानेपानी तथा सरसफाइ, कृषि पशुसेवा महिला तथा बालबालिका शिक्षा र शासकीय प्रबन्ध क्षेत्रका कार्यक्रमहरु संचालन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पारिवारिक कल्याण कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- महिला, दलित, जनजाति, अल्पसंख्यक तथा अपाङ्ग लक्षित कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- विपन्न परिवार पहिचान तथा परिचय पत्र वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- क्षयरोग नियन्त्रणका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्न रु २ लाख बजेट विनियोजन गरेको छु ।
- आमा बालबालिका तथा किशोर किशोरीहरुको पोषण सुधार आयोजना कार्यान्वयन गर्न रु ५० लाख विनियोजन गरेको छु ।
- मानव सेवा आश्रमसँगको साझेदारीमा सडक मानव मुक्त पालिका निर्माणका लागि मानव सेवा आश्रम गोरखालाई अनुदान स्वरुप रु १ लाख विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रको बुढीगण्डकी वृद्धाश्रम लक्ष्मी नारायण धाम संचालन अनुदानका लागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।
- पालिका भित्रका विभिन्न मन्दिर, मस्जिद, गुम्बाहरुको लागि विगतमा छुटयाइएको व्यवस्थापन अनुदानलाई निरन्तरता दिएको छु ।

सभाध्यक्षज्यू

२३.पुर्वाधार विकास तर्फः

- भिमसेनथापा चक्रपथको तेस्रो खण्ड अन्तर्गतको धावा इत्लापोखरी- सिमलफेद सडकको स्तरोन्नतीका लागि संघीय सरकार समपुरक अनुदानको ८० लाख र गाउँपालिकाको ८० लाख गरी कुल १ करोड ६० लाख विनियोजन गरेको छ ।
- पालिका भित्रका विभिन्न नदी तथा खोलाहरुमा आवश्यक झोलुङ्गे पुल निर्माण साझेदारीका लागि रु ५० लाख विनियोजन गरेको छ ।
- संघीय र प्रदेश सरकारको समपुरक अन्तर्गत छनौट भएका आयोजनाहरु कार्यान्वयन गर्न १ करोड २० लाख बजेट विनियोजन गरेको छ ।
- बोर्लाङ्ग-ऐरिभञ्ज्याङ-महादेवटार सडकका लागि प्रदेश सरकार र पालिकाबीच समपूरक अन्तर्गत कार्यान्वयन गर्ने गरी रु १ करोड विनियोजन गरेको छ ।
- आगामी आ.ब. मा गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट रु १ करोड १० लाख विनियोजन गरेको छ ।
- गाउँपालिका भित्रका सहायक सडक तथा गोरेटो सिढी बाटोहरुको स्तरोन्नतीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- लामाचौर काशिघाट सडक स्तरोन्नतीका लागि रु ३० लाख बजेट विनियोजन गरेको छ ।
- आगामी आर्थिक वर्षमा ६ नं. वडा कार्यालयको आफ्नै भवन निर्माण सम्पन्न गर्न क्रमागत तर्फ आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- क्रमागत आयोजना तर्फका चारधारे पम्पिङ्ग खानेपानी आयोजना र चिउरीफेद बालिमटार खानेपानी आयोजनाहरु सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरेक छ ।
- संघ र प्रदेश सरकार, सडक बोर्ड नेपाल लगायत विभिन्न संघ संस्थाहरुसँगको साझेदारीमा पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गर्न ७ लाख ५० हजार बजेटको व्यवस्था गरेको छ ।
- काशिघाटमा अवस्थित पशुपति मन्दिर निर्माणको अधुरो कार्य सम्पन्न गर्न रु १५ लाख बजेट विनियोजन गरेको छ ।
- साना सिंचाई योजनाहरुको निर्माण, मर्मत तथा सम्भारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- भिमसेनथापा चक्रपथ स्तरोन्नतीका लागि रु १ करोड बजेटको व्यवस्था गरेको छ ।
- काशिघाट विकास तथा व्यवस्थापन सहित विभिन्न आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा वातावरणीय अध्ययन कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- एकीकरण पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिदै रु ५ लाख बजेट विनियोजन गरेको छ ।
- पालिका भित्रका खानेपानीको मुहान संरक्षण तथा मर्मत संभारका लागि बजेटको व्यवस्था गरेको छ ।

सभाध्यक्षज्यू,

**२४. वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न रु १० लाख रकम विपद् व्यवस्थापन कोषको लागि विनियोजन गरेको छ ।
- प्रदेश सरकारसँगको साझेदारीमा वन क्षेत्रको दिगो वन तथा वातावरण संरक्षण कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

- स्वच्छ गाउँपालिका निर्माण गर्न आवश्यक ल्याण्डफिल्ड साइटको निर्माण तथा व्यवस्थापनका लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।
- वातावरण तथा सरसफाई व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पूर्ण सुरक्षित गाउँपालिका निर्माणका लागि बहुप्रकोपिय विमा, पालिका भित्रका सबै भवन तथा यन्त्र उपकरणहरुको विमा तथा सामुहिक दुर्घटना विमा कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विभिन्न खोला खोल्सीहरुको संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- वर्षातको समयमा नाला सफाइ, खाल्डाखुल्टी पुर्ने तथा सडकको उचित सम्भार र रेखदेख गर्न सडक हेरालुको लागि रु १० लाख विनियोजन गरेको छु ।
- बाढी पहिरो जस्ता विपद्का घटनामा पालिकाको उपलब्ध स्रोत साधन चुस्त राखी उपयोग गर्न आवश्यक स्रोतको व्यवस्था गरेको छु ।
- वातावरण विकास कोषका लागि रु १ लाख बजेट विनियोजन गरेको छु ।

<u>सभाध्यक्षज्यू</u>

**२५. संस्थागत विकास तथा सुशासन तर्फः**

- पालिकाको संस्थागत विकाससँग सम्बन्धित कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- टोल टोलमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहजीकरण गर्न रु ५ लाख बजेट व्यवस्था गरेको छु ।
- सुशासन प्रवर्द्धनको औजारको रुपमा रहेको सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न रु १ लाख बजेट विनियोजन गरेको छु ।
- सार्वजनिक/सामाजिक परिक्षण कार्यका लागि रु १ लाख बजेट विनियोजन गरेको छु ।
- उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम संचालनका लागि रु २ लाख बजेटको प्रबन्ध गरेको छु ।
- उत्कृष्ट कर्मचारी संघ संस्था सम्मान कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगर प्रहरी तलब भत्ता चाडपर्व पोषाक भत्ताका लागि रु ३० लाख बजेट विनियोजन गरेको छु ।
- जनप्रतिनिधि तथा कर्मचारिहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विभिन्न व्यक्ति संघ संस्था सहायताका लागि बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिकाको नयाँ प्रशासकीय भवन सहित पालिका अन्तर्गतका सबै वडा स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्र निर्माण गर्न रु  ३ लाख बजेट विनियोजन गरेको छु ।
- जनताका गुनासोहरु औपचारिक रुपमा नै पालिकाको जनप्रतिनिधि तथा कर्मचारीसँग राख्ने मिल्ने गरी गुनासो चौतारी कार्यक्रमको लागि बजेटको प्रबन्ध गरेको छु ।
- भिमसेनथापा गाउँपालिका लोक कल्याणकारी कोषका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।
- व्यवसाय दर्ता शिविर संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- न्यायिक समितिको कार्यलाई थप प्रभावकारी बनाउन कानूनी सल्लाहाकार सेवा शुल्का सहित अनुभव आदानप्रदान इजलास संचालन मेलमिलापकर्ताहरुलाई मासिक बैठक भत्ता लगायतका शिर्षकहरुमा आवश्यक बजेट विनियोजन गरेको छु ।
- विद्यालय स्तरीय न्यायिक पहुँच कार्यक्रम संचालनका लागि रु २ लाख बजेटको व्यवस्था गरेको छु ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण, रोजगार सेवा केन्द्र, लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**अब म आगामी आर्थिक वर्ष २०८०।८१ को बजेटको स्रोत पेश गर्न चाहन्छु ।**

२६. आगामी आर्थिक वर्षका लागि संघीय सरकारबाट समानिकरण अनुदानमा रु १२ करोड ६३ लाख, शसर्त अनुदान चालु तर्फ रु २५ करोड ७ लाख, शसर्त अनुदान पुँजीगत रु १ करोड १० लाख, समपुरक अनुदान ८० लाख, विशेष अनुदान ५० लाख तथा राजश्व बाँडफाँडमा रु ८ करोड २७ लाख ६७ हजार ४ सय रुपैया प्राप्त हुने अनुमान रहेको छ । त्यस्तै प्रदेश सरकारबाट समानिकरण अनुदानमा रु १ करोड ७८ लाख १५ हजार, सवारी साधन कर बाँडफाँडमा रु ५८ लाख ४८ हजार, समपुरक अनुदानमा रु ६० लाख र सशर्त अनुदानमा रु ३० लाख प्राप्त हुने अनुमान गरिएको छ ।त्यस्तै क्रमागत आयोजनाहरुको बाहेक नगद मौज्दात रु ३ करोड ५० लाख रुपैयाँ अनुमान गरिएकोमा आगामी आर्थिक वर्ष गाउँपालिकाको आन्तरिक स्रोत ७० लाख हुने प्रक्षेपण गरेको छु ।

२७. आर्थिक वर्ष २०७८।०७९ को यथार्थ खर्च, आर्थिक वर्ष २०७९।०८० को संशोधित अनुमान र आर्थिक वर्ष २०८०।०८१ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान साथै पेश गरेको छु । गैरसरकारी संघसंस्थाहरुबाट आगामी आर्थिक वर्षमा पालिका भित्र कार्यान्वयन हुने कार्यक्रमहरुलाई यसै साथ पेश गरेको छु ।

२८. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट रोजगारीको अवसर बढ्ने तथा पालिकाको आर्थिक, सामाजिक, पूर्वाधार क्षेत्रहरुको विकास हुने आशा गरेको छु ।

२९. बजेट तर्जुमाको क्रममा आफ्नो अमूल्य राय, सल्लाह, सुझाव एवं मार्गदर्शन प्रदान गर्नुहुने गाउँसभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरु, विषयक्षेत्रगत विज्ञ, गैरसरकारी संघसंस्थाका व्यक्तित्वहरु एवं स्वदेश तथा विदेशमा रहनुभएका आदरणी आमा बुवा दाजुभाई तथा दिदीबहिनीहरु प्रति आभार र धन्यवाद ज्ञापन गर्दछु ।

३०. आर्थिक, सामाजिक तथा पूर्वाधार क्षेत्रको विकास मार्फत ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध समाजवाद उन्मुख नमूना गाउँपालिका निर्माण गर्ने तथा सुशासन र सामाजिक न्यायको प्रत्याभूति गर्ने गरी समृद्ध पालिका निर्माण गर्ने ध्येय राखेर प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ।